annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३०४ पृष्ठ ८ | काठमाडौं, आइतबार २५ फागुन २०८१ | फाल्गुन शुक्लपक्ष दशमी, नेपाल संवत् ११४५ | SUNDAY, MARCH 9, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



भक्तपुर क्यान्सर अस्पतालमा ब्लड क्यान्सर जितेका बालबालिकासँग खुसी मनाउँदै चिकित्सक र आफन्तहरू। ● सुनिता डंगोल

कभर स्टोरी

# ब्लड क्यान्सर जित्दै बालबालिका

## नमुना जाँच्ने उपकरण पनि छैनन् स्वदेशमा

बालबालिकालाई पनि ब्लड क्यान्सर हुन्छ र ? अधिकांश अभिभावकले चिकित्सकलाई यो प्रश्न गर्छन् । हो, बालबालिकालाई पनि ब्लड क्यान्सर लाग्छ । तर, आत्तिनुपर्दैन । समयमै उपचार भए निको हुने चिकित्सकहरू बताउँछन् । मुलुकमा हरेक वर्ष १ हजार ५ सय जना बालबालिका ब्लड क्यान्सर रोगबाट पीडित भइरहेको विशेषज्ञहरू बताउँछन् । तर, बिडम्बना अधिकांश उपचारको पहुँचमा छैनन् । बाल क्यान्सर रोग विशेषज्ञहरू भन्छन्, 'ब्लड क्यान्सर जति चाँडै पत्ता लाग्छ, त्यति नै प्रभावकारी रूपमा निको पार्न सकिन्छ ।

दिनेश गौतम | *काठमाडौं*

– को रिपोर्ट

**ब्लड क्यान्सरका लक्षणहरू**

- ज्वरो आउने
- लगातार थकान हुने
- कमजोरी महसुस हुने
- भोक नलाग्नु, वाकवाकी लाग्ने
- रक्तअल्पता हुने
- वजन घट्ने
- राति पसिना आउने
- हड्डी/जोर्नी दुख्ने
- टाउको दुख्नु
- सास फेर्न गाह्रो हुने
- बारम्बार संक्रमण हुनु
- छाला चिलाउनु वा दाग देखिने
- पेटमा असहज महसुस हुने
- घाँटी, काखी वा कम्मरमा लिम्फ नोड्हरू सुन्निने

समाचार पृष्ठ २

## दक्षिण कोरियाका राष्ट्रपति युन हिरासतबाट रिहा



**सियोल** (एजेन्सी): महाभियोग लगाइएका दक्षिण कोरियाका राष्ट्रपति युन सुक योललाई अदालतले प्रक्रियागत आधारमा पक्राउ गर्न आदेश दिएपछि शनिबार हिरासतबाट रिहा गरिएको छ। गत डिसेम्बर ३ मा नागरिक शासनलाई उल्ट्याउने प्रयास गरेको आरोपमा जनवरीमा पक्राउ परेका निलम्बित राष्ट्रपति मुस्कुराउँदै विशेष हिरासतबाट बाहिर निस्किएका थिए।

'म यस देशका जनताप्रति कृतज्ञता व्यक्त गर्दै शिर निहुराउँछु,' रिहाइपछि आफ्ना वकिलमार्फत जारी गरेको युनको विज्ञप्तिमा भनिएको छ। एक दिनअघि एक अदालतले प्राविधिक र कानुनी आधार देखाउँदै उनको गिरफ्तारी वारेन्ट रद्द गरेको थियो। यो निर्णयको अनुसन्धान गरिरहेका अभियोजनकर्ताहरूले शनिबार एक बयानमा उक्त निर्णय 'अन्यायपूर्ण' थियो भनेका छन्।

अभियोजकहरूले अदालतको फैसलाविरुद्ध अपिल गर्ने उनीहरूको अधिकारबारे सुनुवाइ गर्दै युनलाई रिहा गरिएको थियो। विशेष गरी यो आपराधिक अभियोगमा उनको हिरासतको प्राविधिक विवरणका बारेमा थियो। युनले आफ्नो महाभियोगलाई कायम राख्ने र औपचारिक रूपमा उनलाई पदबाट हटाउने वा नहटाउने भन्ने विषयमा छुट्टै संवैधानिक अदालतको निर्णयको पनि सामना गर्नुपर्ने छ।

अभियोजकहरूले भनेका छन्, 'संवैधानिक अदालतको निर्णय र सम्बन्धित विचारहरूलाई ध्यानमा राख्दै महान्यायाधिवक्ताले टोलीलाई युनलाई हिरासतबाट रिहा गर्न अपील गर्नुको सट्टा सक्रिय रूपमा 'ट्रायल कोर्ट'मा आफ्ना तर्कहरू प्रस्तुत गर्न निर्देशन दिनुभएको छ।'

## बाल सुधारगृहमै झडप

किशोर बुढाथोकी | *विराटनगर*

विराटनगरको बाल सुधारगृहभित्र दोहोरो झडप हुँदा ३ जना घाइते भएका छन्। विराटनगर महानगरपालिका-३ स्थित बाल सुधारगृहमा शुक्रबार साँझ पौने ८ बजेतिर झडप भएको प्रहरीले जनाएको छ। सुधारगृहका प्रमुख मिलन चौहानले झडपमा परेर घाइते भएकाको अवस्था सामान्य रहेको र उपचार भइरहेको जानकारी दिए।

घाइते ३ जना नै २२ वर्षका छन्। २ जना पाँचथर र १ जना सुनसरीका हुन्। चौहानका अनुसार घाइते हुनेमा कर्तव्य ज्यान तथा जबरजस्ती करणी मुद्दामा अदालतले सजाय सुनाएकाहरू छन्।

कानुनी विवादमा परेका १८ वर्षमुनिका बालकलाई अदालतको फैसला र आदेश अनुसार सुधारगृहमा राखिन्छ। तर, सुधारगृहमा राखिएका बालक अहिले युवा भइसकेका छन्। गृह प्रमुख चौहानले सुधारगृहमा २ पक्षबीच झडप भए पनि कारण खुलिनसकेको बताए। 'एक्कासि झडप भयो। ३ जना घाइते भए। तर,



विराटनगरको बाल सुधारगृह

घटनाको कारण थाहा छैन। प्रहरीले अनुसन्धान गरिरहेको छ,' उनले भने। घटनाको अनुसन्धान गर्न मोरङ प्रहरी प्रमुख एसपी नारायणप्रसाद चिमरिया खटिएका छन्। चिमरिया नेतृत्वको टोलीले विवाद समाधानका लागि समन्वय गरेको चौहानले बताए।

विवाद समाधान भएपछि मात्रै घाइतेलाई उद्धार गरेर उपचारका लागि पठाउन सम्भव भएको उनको भनाइ छ। उनका अनुसार सुधारगृहको क्षमता ५० जनाको हो। तर, सुधारगृहमा २ सय ४९ जनालाई राखिएको छ।

सुधारगृहभित्र रहेकामध्ये १८ वर्ष कटेर बालिग भएकाहरूको संख्या धेरै छ। १८ वर्षमाथिका १ सय २४ जना छन्। उनीहरू बालक हुँदै कानुनी विवादमा परेर सजाय भुक्तान गरिरहेका छन्। तर, आवश्यक कानुनको अभावले बालिग भइसके पनि सुधारगृहभित्रै राख्ने गरिन्छ। 'युवा अवस्थामा पुगेकालाई बालकहरूसँगै राखिएको छ। क्षमताभन्दा धेरै छन्। सुधारगृहभित्रको अवस्था समस्याग्रस्त छ,' चौहान भन्छन्।

## रूसको आक्रमणबाट युक्रेनमा मारिए १२ जना

**मस्को** (एजेन्सी): शनिबार बिहानसम्म पूर्वी युक्रेनमा रातभर गरिएको रूसी आक्रमणमा कम्तीमा १२ जनाको मृत्यु भएको देशको आपतकालीन सेवाले जनाएको छ। यो घटना साउदी अरेबियामा अमेरिका र युक्रेनी वार्ताकारहरूबीच युद्धविरामका लागि हुने वार्ताको केही दिन अगाडि भएको हो।

युक्रेनको डोनेट्स्क क्षेत्रको डोब्रोपिलियाको केन्द्रमा शुक्रबार राति भएको रूसी आक्रमणमा ११ जनाको मृत्यु हुनुका साथै ३० जना घाइते भएको आपतकालीन सेवाले जनाएको छ। खार्किभ क्षेत्रका सैन्य प्रमुख ओलेग सिनेगुबोभले शनिबार बिहान बोगोदुखिभ सहरमा भएको ड्रोन हमलामा एक जनाको मृत्यु भएको र अन्य ७ जना घाइते भएको बताए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसमाथि नयाँ प्रतिबन्ध र शुल्क लगाउने धम्की दिएका बेला रातभर हवाई आक्रमण भएको हो। अमेरिकी राष्ट्रपतिले शुक्रबार पत्रकारहरूलाई भने, 'उहाँ रूसी राष्ट्रपति भ्लादिमिर पुटिनमाथि विश्वास गर्नुहुन्छ। मलाई वास्तवमै युक्रेनसँग सम्झौता गर्न गाह्रो लाग्छ र उनीहरूसँग कुनै विकल्प छैन। रूससँग सम्झौता गर्न सजिलो हुनसक्छ।'

साथै, पत्रकारहरूलाई मन्तव्य दिएको केही समयपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार युक्रेनमा बमबारी गरेकोमा रुसमाथि नयाँ प्रतिबन्ध र कर लगाउने धम्की दिएका छन्।

'रूसले अहिले युद्धभूमिमा युक्रेनलाई पूर्णरूपमा आक्रमण गरिरहेको छ। म युद्धविराम र शान्ति सम्झौतामा पुग्न नसकेसम्म रूसमाथि ठूलो मात्रामा बैंकिङ प्रतिबन्ध, नाकाबन्दी लगाउने बारेमा दृढतापूर्वक विचार गरिरहेको छु,' ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्ममा उल्लेख गरे। रूस र युक्रेन, अब वार्ताको टेबलमा आउनुहोस्,' उनले लेखेका छन्।

## काँडेतारले छेकेन, करेन्टले नि तर्साएन मृग र भालुलाई

शिव उप्रेती | *गोरखा*

घोरल, झारल, नाउर, मृग, भालुले खेतीबाली सखाप पारेपछि पाँच वर्षअघि चुमनुब्री गाउँपालिकाले बारीको वरिपरि तारबार गर्ने नीति तथा कार्यक्रम घोषणा गर्‍यो। वडा कार्यालयमार्फत कार्यक्रम कार्यान्वयन पनि भयो।

मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)ले पनि जंगली जनावरलाई खेतीबालीमा पस्न नदिन तारबारको कार्यक्रम कार्यान्वयन गर्‍यो। सामान्य झड्काले जंगली जनावरलाई तर्साउन तारबारमा कम क्षमताको करेन्ट जोडेर छाड्यो।

यति गर्दा पनि हिमाली भेगका किसानले जंगली जनावरबाट खेतीबाली जोगाउन सकेनन्। 'घोरल, झारल, मृग, बाँदर, भालुहरू करेन्टको पनि वास्ता नगरी खेतीबालीमा पुग्दा रहेछन्' चुमनुब्री गाउँपालिका ४ छाकका लाक्पा लामाले भने, 'जाली राखेको भए बरु जोगिन्थ्यो कि, काँडेतारले त छेक्न सकेन। किसानको गहुँ, जौ, करु, मकै जंगली जनावरबाट जोगाउन सकिएन।' किसानहरू आजित भएको उनको भनाइ छ।

हिमाली भेगमा लगाएका बाली जंगली जनावरले खाएपछि किसानहरू खेती गर्न छाड्न बाध्य भएको क्वाक गाउँकी उर्गेन डोल्माको भनाइ छ। 'उम्रिने बित्तिकै घोरल, झारल, मृगले खाइदिन्छ।



चुमनुब्री गाउँपालिका-४ गपको बारीमा गरिएको तारबार। ● शिव उप्रेती

तिनीहरूबाट जोगिएर फलेको बाली भालु र बाँदरले खाइदिन्छ। हामी किसानले के खाने?', उनी भन्छिन्, 'जति गर्दा पनि खेतीबाली जोगाउन नसकेपछि अहिले गाउँका धेरै बारीहरू बाँझै छन्।' गाउँबस्ती वरिपरिका बारीहरूमा खेती गरे पनि टाढाटाढाका बारीहरू वर्षौंदेखि बाँझै बसेको उनले बताइन्। पाँच वर्षअघि गप र प्रोकका केही बारीहरूमा तारजाली लगाउन सुरु गरे पनि क्वाक, छाकलगायतका गाउँहरूमा जाली लगाउन नसकेको पूर्ववडाअध्यक्ष पेमा डुन्डुप लामा बताउँछन्। 'काँडेतार लगाएको पहिलो वर्ष बाली जोगिएको थियो, तर दोस्रो वर्षदेखि फेरि काँडेतारबाट भित्र छिर्न सिकेछन्', उनले भने, 'जहाँ-जहाँ तारजाली लगाइएको छ, त्यहाँ-त्यहाँको बाली जोगिएका छन्। यदि सबै बारीहरूमा काँडेतारका सट्टा तारजाली लगाउन सकेको भए जोगिने रहेछ।' गाउँपालिका, वडा कार्यालयले अहिले पनि तारजाली लगाउनु आवश्यक रहेको उनको भनाइ छ।

मनास्लु क्षेत्रलाई अहिंसा क्षेत्र(स्याग्या) घोषणा गरिएको छ। स्याग्याको पञ्चशीलमा प्राणीलाई मार्न तथा कुटपिट गर्न नपाउने उल्लेख छ। 'स्याग्याको नियम अनि संरक्षण क्षेत्रको नियमअनुसार खेतीबाली विनाश गर्ने जंगली जनावरलाई मार्न, ढुंगामुढा गर्न पनि पाइँदैन', चुमनुब्री २ का वडाअध्यक्ष मिङ्ग्युर लामाले भने, 'त्यसैले किसानहरू साह्रै मर्कामा छन्। सामान्य खालको करेन्ट लगाएर जालीले घेरे खेतीबाली जोगाउन सकिन्छ, नत्र जोगाउन सकिँदैन।' धेरै किसानहरू खेतीपाती छोडेर पलायन हुने अवस्थामा पुगेका उनले बताए।

पूरै खेतीयोग्य बारीलाई तारजालीले घेर्न धेरै महँगो पर्ने भएकाले योजना तर्जुमा गर्न समस्या भएको एमक्यापका प्रमुख सन्तोष शेरचनले जानकारी दिए। 'अर्को वर्ष तारजालीले घेर्ने कार्यक्रम राख्ने प्रयास गर्छौं', उनले भने। जंगली जनावरका कारण खेतीपाती गरेर खान किसानहरूलाई असाध्यै समस्या भएको गाउँपालिकाका अध्यक्ष निमा लामाले बताए। 'वडाअध्यक्षज्यूहरूबाट पनि कार्यपालिका बैठकमा यस बिषयमा कुरा उठिरहका छ', लामाले भने, 'यसको बारेमा विस्तृत अध्ययन गरेर दीर्घकालीन समाधान खोज्नु जरुरी छ।'